# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. नेपालसँग नेपाल आर्थिक पत्रकार समाज र नेशनल बैंकिङ्ग इन्ष्टिच्युटका प्रतिनिधि मण्डलबीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग नेपाल आर्थिक पत्रकार समाज (सेजन) का अध्यक्ष गोकर्ण अवस्थीको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले २०७२ भदौ ३० गते भेट गऱ्यो ।



भेटघाटका क्रममा गभर्नर डा. नेपालले नेपाल राष्ट्र बैंक र सेजनबीच रहेको पारस्पारिक सहयोगात्मक सम्बन्ध आगामी दिनमा अझ सुमधुर हुँदै जाने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा अध्यक्ष अवस्थीले सेजनको संस्थागत विकास एवम् सदस्यहरूको व्यावसायिक क्षमता अभिवृद्धिका लागि नेपाल राष्ट्र बैंकको सहयोग आवश्यक रहेको बताउनु भयो । गभर्नर डा. नेपालले नवनिर्वाचित सेजनका पदाधिकारीहरूलाई बधाई तथा शुभकामना दिनुहुँदै सेजनको संस्थागत क्षमता विकासमा नेपाल राष्ट्र बैंकको सहयोग रहने बताउनु भयो ।

विश्लेषणात्मक पत्रकारिताको लोकप्रियता माथि चर्चा गर्दै गभर्नर डा. नेपालले परिपक्व पत्रकारिताले मुलुकको आर्थिक विकासमा सहयोग पुऱ्याउने धारणा राख्नु हुँदै आर्थिक पत्रकारिताका लागि विशेष अध्ययन अनुसन्धान आवश्यक पर्ने भएकाले सोतर्फ ध्यान दिन सुझाव दिनुभयो । सोही क्रममा उहाँले नेपालको आर्थिक पत्रकारिता क्रमशः परिपक्व हुँदै गएको अनुभव व्यक्त गर्नुहुँदै आगामी दिनमा नेपाली आर्थिक पत्रकारितामा थप व्यावसायिकता आउने अपेक्षासमेत राख्नुभयो ।

### नेशनल बैंकिङ्ग इन्ष्टिच्युटका प्रतिनिधि मण्डलबीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग नेशनल बैंकिङ इन्ष्टिच्युटका अध्यक्ष शोभनदेव पन्तको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले भेट गऱ्यो । भेटका क्रममा अध्यक्ष पन्तले वित्तीय क्षेत्रको तालिम तथा जनशक्ति विकासका लागि केन्द्रीय बैंकको मुख्य भूमिका रहने अन्तर्राष्ट्रिय अभ्यास रहेको सन्दर्भमा नेपाल राष्ट्र बैंकले पनि सोतर्फ ध्यान दिन आग्रह गर्नुभएको थियो ।



सो अवसरमा गभर्नर डा. नेपालले वित्तीय क्षेत्रमा अहिले पनि गुणस्तरीय मानव संशाधनको अभाव रहेको बताउनु हुँदै वित्तीय क्षेत्रको मानव संशाधन विकासका लागि नेपाल राष्ट्र बैंकले सदैव सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । यस कुरालाई सम्बोधन गर्ने उद्देश्यले चालू आर्थिक वर्षको मौद्रिक नीतिमा बैंक तथा वित्तीय संस्थाहरुले मानव संशाधन विकासका लागि आफ्नो मुनाफाको निश्चित प्रतिशत रकम छुट्याउनु पर्ने व्यवस्था गरिएको जानकारी दिनुभयो ।

२०७२ भाद्र ३० गते बुधबार

गभर्नरको कार्यालय